**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) वमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**
**(आ.व. २०८२/०८३ को प्रथम त्रयमासिक विवरण)**

१. **निकायको स्वरुप र प्रकृति:** सिन्धु बिकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वमोजिम संचालित सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, चितवन र मकवानपुर गरी ५ जिल्ला कार्य क्षेत्र भएको “ख” वर्गको बिकास बैंक हो ।

२. **निकायको काम, कर्तव्य र अधिकार:** यस बिकास बैंकको काम, कर्तब्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके वमोजिम रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण:** यस बिकास बैंकमा हाल १७२ जना कर्मचारी रहेका छन र निजहरुको कार्य विवरण समय समयमा बैंकले तोके बमोजिम हुने गरेको छ ।

४. **निकायबाट प्रदान गरिने सेवा:** यस बिकास बैंकले प्रदान गर्ने सेवाहरुमा बैंक तथा बित्तीय संस्था सम्वन्धी ऐन, २०७३ वमोजिम “ख” बर्गको बिकास बैंकले प्रदान गर्न सक्ने सेवाहरु रहेका छन ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:** यस बिकास बैंकका शाखा कार्यालयहरु र सो शाखा कार्यालयहरुका जिम्मेवार अधिकारीहरुको विवरण बैंकको आधिकारीक वेबसाईट www.sindhubank.com.np मा उपलब्ध रहेको छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:** बिकास बैंकले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकले समय समयमा निर्धारण गरे वमोजिम हुनेछ र सोको जानकारी बैंकको आधिकारीक वेबसाईटमा उपलब्ध हुनेछ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी:** यस बिकास बैंकको बैंकिङ्ग कारोवारका सम्वन्धमा बिभिन्न तहका अधिकारीहरुले बिभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रिकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि बैंकका प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी:** यस बिकास बैंकमा प्राप्त गुनासो, उजुरी तथा सुझावहरु उपर गम्भिरता पूर्वक मनन् गरी उक्त उजुरी एवं सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रिकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारी रुपमा रहनु हुनेछ ।

९. **सम्पादन गरेको कामको विवरण:** यस बिकास बैंकले, बैंक तथा बित्तीय संस्था ऐन, २०७३ बमोजिम “ख” वर्ग अन्तर्गतका विकास बैंकले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण बैकिङ्ग कार्यसंग सम्वन्धित विवरणहरु त्रैयमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै, बैंकको वेबसाइटमा पनि सूचनाहरु राखिएको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद:**
**सूचना अधिकारीको नाम : श्री गणेश कुमार के.सी., नायब प्रमुख कार्यकारी अधिकृत**
सिन्धु बिकास बैंक लि., कर्पोरेट कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक ।
फोन न. ०११-६६२३४०/४१/५०/५१
मोवाइल नं. ९८५११११८५१९
**प्रमुखको नाम : श्री सुरेश देवकोटा, प्रमुख कार्यकारी अधिकृत**
सिन्धु बिकास बैंक लि., कर्पोरेट कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक ।
फोन न. ०११-६६२३४०/४१/५०/५१

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:** नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:** संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गर्नुकासाथै सो विवरणहरु संस्थाको आधिकारिक वेबसाइट www.sindhubank.com.np मा समेत अद्यावधिक गरिएको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण:** नियमअनुसार तोकिए बमोजिमको अन्य विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनुका साथै संस्थाको वेबसाइट www.sindhubank.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ ।

१४. **अधिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:** संस्थाले गर्ने नियमित कार्यक्रम, बैकको बिभिन्न शाखाहरुमा संचालित बित्तीय साक्षरता कार्यक्रम एवं कर्मचारीहरुलाई दिईएको तालिम बाहेक अन्य कार्यक्रम नभएको ।

१५. **निकायको वेबसाईट भए सोको विवरण:** www.sindhubank.com.np

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:** नभएको ।

१७. **निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:** संस्थाले गर्ने नियमित कार्य बाहेक अन्य कार्य नभएको । साथै बैंकको बार्षिक प्रतिवेदन एवं त्रैयमासिक आर्थिक विवरणहरु बैंकको वेबसाइटमा अद्यावधिक गरिएको ।

१८ **निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:** संस्थाले आफ्नो वित्तीय कारोबारको सिलसिलामा विभिन्न सूचनाहरू निकाल्ने गरेको तर त्यस्तो सूचना वर्गीकरण भने नगरिएको ।

१९. **निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:** पेश भए बमोजिम दिएको ।

२०. **निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:** संस्थाले आफ्नो वित्तीय कारोबारको सिलसिलामा नियमित रुपमा विभिन्न सूचना प्रकाशित गर्ने गरेको । उक्त सूचनाहरू विशेष गरी वित्तीय विवरण, ऋण असुली तथा संस्थाद्वारा प्रदान गरिने सेवा सुविधाहरूको बारेमा हुने गरेको ।


**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त संस्था)
प्रधान कार्यालयः बाह्रबिसे-८, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालयः बनेपा, काभ्रे, फोनः ०११-६६२३४०/४१, टोल फ्रि नं. १६६०११२२०१०
E-mail: info@sindhubank.com.np, Website: http://www.sindhubank.com.np